# तल्लो इङ्खु खोला जलविद्युत आयोजना (९.८० मे.वा.) को परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाईसम्बन्धी सूचना

प्रकाशन मितिः २०८३/०६/१६

कोशी प्रदेश, सोलुखुम्बु जिल्ला सोताङ्ग गाउँपालिका वडान. १, माप्य दुधकोशी गाउँपालिका वडा न. ६ र थुलुङ दुधकोशी गाउँपालिका वडा न. ८ मा इङ्खु खोला हाईड्रोपावरप्रा. लि. द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावित जलविद्युत आयोजनाकालागि इङ्खु खोलाबाट १०.५२ घनमिटर/सेकेण्ड डिजाइन बहावलाई ३३ मिटर लम्बाइ र ४.२७ मिटर उचाईको बाँध निर्माणगरी २.२ मिटर चौडाइ र १.५० मिटर उचाइ को ४ ओटा साइड इन्टेक मार्फत, ७५ मिटर लम्बाई, ८.४५ मि चौडाई र ३.४३ मिटर उचाइ भएको बालुवा थिग्राउने ट्याङ्की हुदै ३ मिटर भित्रि ब्यास भएको २.१३३ किलोमिटर लम्बाइ र २.५ मिटर भित्रि ब्यास र ३०० मिटर लम्बाईको पेनस्टक पाईप मार्फत डिजाइन बहावलाई ३३ मिटर लम्बाइ र १७ मिटर चौडाइ भएको विद्युतगृहमा खसाली ९.८० मे.वा. विद्युत उत्पादन गरिनेछ र उक्त डिजाइन बहावलाई दुधकोशी नदिमा मिसाईने छ । आयोजनाले प्रभाव पर्ने स्थान सोताङ्ग गाउँपालिका वडा न.१, माप्य दुधकोशी गाउँपालिका वडा न. ६ र थुलुङ दुधकोशी गाउँपालिका वडा न. ८ रहेको छ।

वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा (५) र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ र नियम १२ अनुसार प्रस्तावको सम्बन्धमा निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्न लागिएको व्यहोरा अवगत गराउँदै सम्बन्धित सबै स्थानीय सरोकारवाला व्यक्ति तथा संघसंस्थाका प्रतिनिधिहरुलाई कार्यक्रममा उपस्थित भई आफ्ना अमूल्य राय सुझाव प्रदान गरिदिनुहुन प्रस्तावक हार्दिक अनुरोध गर्दछ।

**सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान**

मितिः २०८३ साल असोज महिना २५ गते आईतबार

समयः बिहान ११:३० बजे

स्थानः श्री पिपलबोट आधारभूत विद्यालय, खोर्दा, सोताङ्ग गाउँपालिका वडा न. १